www.raptipost.com

“राप्तीको गौरव”

# राप्ती पोष्ट

Rapti Post National Daily

(राष्ट्रिय दैनिक)

वर्ष १०, अंक २७६
चैत ३१ गते मंगलबार, २०७७
13 Apr Tues.,2021
पृष्ठ ४+२, मूल्य रु. ३।-

**सूचना ! सूचना !!**

यस वर्ल्डलिंक कम्युनिकेशनश् लिमिटेड दाङ शाखा कार्यलय यहि चैत्र महिनाबाट विहान ७ बजे देखि बेलुका ७ बजे सम्म खुल्ला रहने व्यहोरा सम्पूर्ण ग्रहाक महानुभावहरूमा जानकारी गराउदछौं ।

सम्पूर्ण फोन नं. ०८२-५६३१४०
०८२५६०३०७, ९८०१५२३०५०

## तुलसीपुरको २९ औं स्थापना दिवस

# दिर्घकालिन रणनीतिको मस्यौदा सार्वजनिक

●राप्ती पोष्ट समाचारदाता

तुलसीपुर, ३० बैशाख । तुलसीपुर उपमहानगरपालिकाले सोमबार २९औं स्थापना दिवसका सन्दर्भमा तुलसीपुरको दिर्घकालिन रणनीतिको मस्यौदा सार्वजनिक गरेको छ । २९औं स्थापना दिवसको अवसरमा २९ किलोको रानी केक काटेर उपमहानगरपालिकाले आफ्नो स्थापना दिवसको कार्यक्रम गरेको थियो ।

उपमहानगरपालिकाको दीर्घकालिन रणनीतिक तथा आवधिक योजनाको मस्यौदाका बारेमा विकीरण गौतम र दुर्गालाल केसीले प्रस्तुत गर्नु भएको थियो । तुलसीपुरको विकासका लागि आगामी २५ बर्षसम्म गर्ने कामका बारेमा दिर्घकालिन योजनाको मस्यौदा प्रस्तुत गरिएको थियो ।

तुलसीपुर उपहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रदेशका उद्योग मन्त्री लिला गिरीले गर्नुभएको थियो । कार्यक्रममा बोल्दै मन्त्री गिरीले दाङ उपत्यकालाई पर्यटकिय गन्तव्यका रुपमा विकास गर्न सकिने प्रशस्त आधार रहेको भन्दै यसका लागि प्रदेश सरकार



तयार रहेको बताउनुभयो । दाङ जिल्ला दक्षिण एसियाकै ठूलो उपत्यका रहेकाले दाङ उपत्यकाको विकासका लागि आफूहरु तयार रहेको पनि उहाँले बताउनुभयो ।

प्रदेशका १२ जिल्लामध्य सवैभन्दा धेरै पर्यटकहरु लुम्विनीमा जाने गरेको भन्दै मन्त्री गिरीले त्यसपछि दाङ जिल्लामा पर्यटकहरु आउने सम्भावना औल्याउनुभयो । उहाँले पहाडी जिल्लाहरुको तुलनामा दाङ जिल्लामा पर्यटनको सम्भावनामा धेरै रहेको धारणा राख्नुभयो । लुम्विनी प्रदेशका १२ जिल्लाका अलग अलग विशेषता रहेको भन्दै सवै जिल्लाहरु आर्थिक रुपमा समृद्ध बन्न सक्ने अनेकन आधारहरु रहेको बताउनुभयो ।

वितेको २० बर्षमा नेपालमा विकास पछि परेको भन्दै जनप्रतिनिधिहरु आएपछि विकासले रफ्तार पक्डेको बताउनुभयो । उहाँले जनप्रतिनिधिहरुले दिनरात नभनेर जनताको काम गरिरहेको भन्दै विगतका बर्षको तुलनामा जनप्रतिनिधिहरु आएपछि भएका कामको फेरहिस्त प्रस्तुत गर्न सकिने बताउनुभयो । उहाँले जनताको काममा निरन्तर खटिन र पालिकालाई नमूनाका रुपमा प्रस्तुत गर्न पनि आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्दै मेयर घनश्याम पाण्डेले तुलसीपुर उपमहानगरपालिकामा भएका विकासका बारेमा जानकारी गराउनुभएको थियो । तुलसीपुरमा भएका नमूना कामका बारेमा जानकारी दिंदै मेयर पाण्डेले जनतालाई साथमा लिएर काम गर्नका लागि आफूहरु सधै तयार रहेको बताउनुभयो । तुलसीपुर उपहानगरपालिकाले विकासको क्षेत्रमा, खेलकुदको क्षेत्रमा,

➲बाँकी तीन पेजमा

# गौतम परिवारद्वारा अपाङ्ग संघमा अक्षयकोष स्थापना

●राप्ती पोष्ट समाचारदाता

दाङ, ३० चैत । घोराहीका गौतम परिवारले आफ्ना बुवाआमाको स्मृतिमा ‘मेघ-चन्द्र स्मृति’ अक्षयकोष स्थापना गर्नुभएको छ । स्वर्गीय बुवा मेघबहादुर गौतम र स्वर्गीय आमा चन्द्रकुमारी गौतमको स्मृतिमा घोराही उपमहानगरपालिका वडा नम्बर १४ निवासी छोराबुहारी दामोदर गौतम, मञ्जु शर्मा गौतम र अर्जुन गौतम, लक्ष्मी केसी गौतमले संयुक्त रुपमा नेपाल अपांग संघ खगेन्द्र नवजीवन केन्द्र पुनस्थापना केन्द्र, दाङमा सोमबार एक लाख एक सय एक रुपैयाँको अक्षयकोष स्थापना गर्नुभएको हो ।



केन्द्रका अध्यक्ष शरद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वर्गीय गौतम आमाबुवाका अक्षयकोष स्थापनाकर्ताका तर्फबाट जेठा छोरा दामोदर गौतमले बुवाले आफु जीवित हुँदा सामाजिक क्षेत्रमा गरेको योगदानको पदचाप पछ्याउँदै केही भएपनि सहयोग पुगोस् भन्ने उद्देश्यले आमाबुवाको सम्झनामा अक्षयकोष स्थापना गरिएको बताउनुभयो ।

गत वर्षको चैत्र ११ गते ८२ वर्षको उमेरमा आमा चन्द्रकुमारी गौतमको निधन भएको वार्षिकी तिथिका अवसरमा सोमबार गौतम परिवारले ‘मेघ-चन्द्र स्मृति’ अक्षयकोष स्थापना गरेको हो । अक्षय कोष स्थापना गर्दै गौतम परिवारले केन्द्रका अध्यक्ष अधिकारीसहितको टोलीलाई उक्त रकमको चेक हस्तान्तरण गरेको छ ।

‘बुवाले दीनदुखीको सेवा गरेको, खान नपाएकाहरुलाई आफ्नो छाक काटेर खान दिएको, भोकाको पेट भरेको, कपडा नभएकालाई कपडा दिएको मलाई

➲बाँकी तीन पेजमा

# तत्काल विद्यालय बन्द नगर्न सुझाव

●राप्ती पोष्ट समाचारदाता

घोराही, ३० चैत । कोरोना भाइरसको दास्रो लहर सुरु भएको भन्दै सरकारले विद्यालय बन्द गर्ने योजना बनाइरहेको समयमा शिक्षासँग सरोकारवाला संघ संस्थाहरूले कोरोना संक्रमणको जोखिमलाई देखाएर तत्काल विद्यालय बन्द नगर्न सुझाव दिएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सोमवार आयोजना गरेको सरोकारवालासँगको छलफलमा उनीहरुले बन्द अन्तिम उपाय नभएको बताए । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा विद्यालय बन्द गर्ने वा सञ्चालन गर्ने भन्ने निर्णयको अधिकार स्थानीय तहलाई नै रहने भएकोले केन्द्रबाट यस सम्बन्धमा निर्णय लिइरहनु उपयुक्त नहुने भनाइ उनीहरुको थियो ।

सरोकारवालाले दिएको सुझाव समेटेर तयार गरेको मस्यौदा शिक्षा, विज्ञान तथा प्रबिधिमन्त्री कृष्णगोपाल श्रेष्ठले मन्त्रिपरिषद्मा पेश गर्ने कार्यक्रम रहेको छ । छलफलमा अधिकांश सरोकारवालाले सिसिएमसिको बैठकमा मुख्य सरोकार राख्ने मन्त्रालयका मन्त्रीसंगको छलफल गरेर मात्र निर्णय गर्नुपर्ने विषय उठान गरेका थिए ।

छलफल कार्यक्रममा बोल्दै नेपाल नगरपालिका महासङ्घका अध्यक्ष अशोक ब्याञ्जुले संविधानले एकल अधिकारका रुपमा माध्यमिक तहसम्मको शिक्षाको अधिकार प्रत्यायोजन गरेको उल्लेख गर्दै अब विद्यालय बन्द र खोल्ने अधिकार स्थानीय तहलाई सुम्पनुपर्ने धारणा राख्नुभयो ।उहाँले अब संघीय सरकारले निर्णय गरेर लागु गर्ने भनिएका विषय कार्यान्वयन हुन कठिन हुने बताउदै स्थानीय र प्रदेशलाई अधिकार दिनुपर्ने उल्लेख गर्नुभयो । नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले गृह, शिक्षा र स्वास्थ्य मन्त्रालयबीच तालमेल नभएको कारण विद्यालय खोल्ने र बन्द गर्ने विषयका कुनै निर्णय कार्यान्वयन हुन नसकेको तर्क गर्दै सरोकारबाला मन्त्रालयले गरेको निर्णय कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

उहाँले कोभिडको महामारी फैलिएको स्थानीयतह र जिल्लाका विद्यालय मात्र बन्द गर्न सकिने उल्लेख गर्दै राख्दै सबै एकैपटक बन्द गर्न नहुने बताउनुभो । उहाँले विद्यालयहरुमा गई अनुगमन गर्नुपर्ने र समस्या देखिएमा पालिकाले निर्णय गर्नुपर्ने बताउँदै बन्द गर्नुपर्ने भएमा कक्षा १ देखि ५ सम्म गर्न सकिने बताउनुभयो । महासंघका अध्यक्ष धर्मदत्त देवकोटाले अनुगमन गर्न र मापदण्ड पालना गर्न प्रेरित गर्नुपर्ने बताउँदै एकैपटक सबै स्थानमा बन्द गर्ने बारेमा नसोच्न सुझाव दिनुभयो ।

# युवाको आर्कषण कालिज पालनमा

●विमला घर्ती

घोराही, ३० चैत । युवाहरु स्वरोजगार हुने क्रममा पछिल्लो समय घोराहीको विकट वडाका रुपमा रहेको वडा नं. १९ मा पर्ने दुइखोली क्षेत्रमा केही युवाहरुले कालिज पालन थालेका छन् । विभिन्न पेशा व्यावसायमा आवद्ध भएकाहरु समेत आफ्नै व्यवसायमा लागिरहेको अवस्थामा युवाहरुले कालिज पालन रोजेका हुन् ।

कृषि र पशुपालनमा केही नयाँ गरौं भन्ने सौँचका साथ घोराही उपमहानगरपालिका वडा नं. १९ दुइखोलीमा युवाहरुको समुह मिलेर सामुहिक रुपमा कालिज पालन थालिएको छ । कृषि क्षेत्रमा केही नयाँ गरौं भनेर कालिज पाल्न थालेको मनु श्रेष्ठले बताउनुभयो । घोराहीका युवाहरु निरन्जन श्रेष्ठ, उत्तम श्रेष्ठ, गणेश श्रेष्ठ, प्रमोद श्रेष्ठको संयुक्त लगानीमा कालिज पालन गरिएको मनुले बताउनुभयो ।

उहाँका अनुसार गत बर्ष देखि दुइखोली वाइल्डलाइफ एग्रो सेन्टर प्राली पशुपंक्षी फार्म दर्ता गरी कालिज पाल्न सुरु गरिएको हो । एक बर्षकै अवधिमा पनि आम्दानी हुन थालेको छ । आठ कठ्ठा जमिनलाई वार्षिक ६० हजार रुपैंया भाडा तिर्ने गरी फार्म बनाइएको छ । भौतिक पुर्वाधार लगाएतका सम्पूर्ण खर्च गरी करिव ८० लाखको लगानी गरिएको उहाँको भनाई छ ।

कालिज पालन केन्द्रमा सुरुको समयमा एक हजार बच्चा राखिएको थियो । एउटा बच्चाको मुल्य १५ रुपैंयामा खरिद गरी पाल्न सुरु गरिएको श्रेष्ठले बताउनुभयो । नेपालमा वनतथा जंगलमा पाइने कालिज पाल्दा गैर-कानुनी मानिने हुँदा बेल्जियममा पाइने विभिन्न तीन जातका कालिज काठमाडौं स्थित एभरेष्ट लिइएको उहाँको भनाई छ ।

कालिजको मासु प्रतिकिलो ३५ सय रुपैंयामा बिक्रि गर्ने गरिएको जानकारी गराउनुभयो । “कृषि क्षेत्रमा नयाँ गरौं भनेर पारिवारिक रुपमै सहकार्य गरी कालिज पालन सुरु गरिएको हो”अहिले एकदम राम्रो भैरहेको छ । यही हिसावले अगाडी बढे व्यावसायिक संभावना छ-मनुले भन्नुभयो । युटुव हेरेर केही गरौं भनेर कालिज पालन सुरु गरेको बताउने मनुले भने सुरुमा परिवारवाट के गर्न थालेको होला भन्ने कुरा आउने गरेको बताउनुभयो ।

कालिज अन्य पक्षी जस्तो दानामा मात्र निर्भर रहदैन । करिव ७० प्रतिशत घाँस तथा ३० प्रतिशत दाना चाहिने गर्दछ । हावापानीको हिसावले २० देखि ३० डिग्रि सेल्सीयस तापक्रममा कालिज पालन गर्न सकिन्छ । हावापानीको हिसावले उपयुक्त ठाउँ भएका कारण दुइखोलीनै

➲बाँकी तीन पेजमा

## सुर्केडाँगीमा पानी ट्यांकीको शिलन्यास

●राप्ती पोष्ट समाचारदाता

घोराही, ३० चैत । घोराही उपमहानगरपालिका २ सुर्केडाँगीका स्थानीयहरुको घर घरमा खानेपानी पुर्‍याउन सुर्केडाँगी खानेपानी आयोजनाको काम सुरुभएको छ ।

दुई बर्ष पहिले घोराही उपमहानगरपालिकाले डिपबोरीङ मार्फत पानी निकालेपछि यो बर्ष देखी ओभरहेड ट्यांकी निर्माणको काम सुरुभएको छ ।

खानेपानी आयोजनाका अध्यक्ष बिपतराम चौधरीको अध्यक्षतामा सोमबार कार्यक्रम गरि घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीले उक्त ओभरहेड ट्यांकीको शिलन्यास गर्नुभएको हो ।

➲बाँकी तीन पेजमा

**हार्दिक शुभकामना**

यस घोराही खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाका सम्पुर्ण उपभोक्ता ज्यूहरु, राजनैतिक दल, सल्लाहकारज्यूहरु, सरकारी तथा गैर सरकारी संघ/संस्था/कार्यालय साथै यस संस्थाका शुभचिन्तकहरुलाई यस नयाँ वर्ष २०७८ ले यहाँहरुको सुख, शान्ती, समृद्धिको उत्तरोतर प्रगती हुदै जावस भनि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
**देवि बहादुर डि.सी**
**घोराही खानेपानी उपभोक्ता तथा सरसफाई संस्था**
**घोराही, दाङ**

**श्रम ऐन, २०७४ को पालना गरौं श्रमिक, श्रमिक आपुर्तिकर्ता र रोजगारदाता सजग बनौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

राप्ती पोष्ट
-राष्ट्रिय दैनिक-

राप्ती पोष्ट दैनिकका लागि

प्रकाशक/सम्पादक : शरद अधिकारी (९८५७८३०२९९)
कार्यकारी सम्पादक : भुवन देवकोटा
व्यवस्थापक : जीवन अधिकारी
प्रवन्धक : विनु दहाल
सल्लाहकार : पद्मप्रसाद शर्मा
कानुनी सल्लाहकार : ओमभक्त डाँगी

कार्यालय
शिक्षाशाखा रोड घोराही १५, दाङ फोन नं. : ०८२-५६३४५६
Email :
raptipost2066@gmail.com,Sharadreetu@gmail.com

तुलसीपुर शाखा सम्पर्क : ९८२२८४९१५८
सल्यान सम्पर्क: प्रद्युम्न उपाध्याय ९८४७८४४२५०,
रुकुम सम्पर्क: गणेश विक ९८४७०३३६२,
प्युठान सम्पर्क : हेमराज खनाल ९८४७८७७३३३,
रोल्पा सम्पर्क : ९७४८५२६६२५,
लमही सम्पर्क : ९८४७८४०३२०,
भालुवाङ सम्पर्क: ९८४९१४४४६९,
पुरन्धारा सम्पर्क ९८४७८३०७२७
नेपालगञ्ज सम्पर्क : ९८४८२७५०७५,
मुद्रक : गायत्री अफसेट प्रेस, घोराही दाङ

सम्पादकीय

# सतर्कता आवश्यक

कोरोना महामारीले फेरि आक्रान्त पार्ने खतरा पैदा भएको छ। केही दिनअघिसम्म दुई अंकमा झरेको संक्रमण तर तीन अंकमा पुगेको छ। यस्तै हो भने चार अंकमा पुग्ने खतरा देखिएको छ। कोरोनाका कारणले ज्यान गुमाउनेको संख्या विस्तारै बढ्दै गएको छ। नेपालमा कोरोना संक्रमणको संख्या जसरी बढीरहेको छ यस हिसावले बढ्दै जाने हो भने छिट्टै नेपालमा कोरोना संक्रमितको संख्या अघिल्लो वर्षमा जस्तो हुने देखिन्छ। अघिल्लो वर्ष हामीलाई केही थाहा थिएन। कसरी बच्ने, कसरी सजग हुने भन्ने बारेमा थाहा थिएन। यसपाली यस्तो अवस्था छैन। भारतमा संख्या जसरी बढेको छ नेपालमा त्यो अनुपातमा कम छ तर सतर्कता अत्यन्त आवश्यक छ। चीनमा जतिवेला कोरोना आएको थियो त्यतिवेला यो के हो ? कसरी सरिरहेको छ ? कसरी बच्ने हो भन्ने बारेमा केही थाहा थिएन। यो रोगका बारेमा थाहा नपाउँदाको अवस्थामा लकडाउन गरेर मानिसको आवतजावत रोक्ने बारेमा चीनले शुरुमा कसरी योजना बनायो होला ? यो आफैमा सोचनिय विषयका रुपमा रहेको छ। सन २०१९ को अन्त्यमा पत्ता लागेको यो भाइरसबाट विश्वभर लाखौं मानिसको ज्यान गएको छ। विश्वका कतिपय देशमा संक्रमण र मृत्युको संख्या जसरी बढीरहेको त त्यसले साच्चिकै गम्भिर बनाउने खालको रहेको छ। नेपालमा पनि यतिवेला संक्रमणहरुको संख्या तिव्ररुपमा बढीरहेको छ। केही दिन मृत्युको संख्या पनि कम भएकोमा सोमबार एकै पटक १३ जनामा उक्लिएको छ।

नेपालमा संक्रमितको संख्या बढीरहेको र मृत्यु हुने क्रम बढीरहेको कुरालाई गम्भिरताका साथ लिइएन भने कोरोना संक्रमितको संख्या अझै बढ्दै जानेछ। कोरोना संक्रमितको संख्या बढ्दै जाँदा यसले समग्र देशको आर्थिक व्यवस्थालाई असर गरिरहनेछ। मानिसले आफ्ना दैनिक गतिविधिहरु गर्न पाउनेछैनन्। व्यापार व्यवसाय गर्न नपाउने अवस्था आउनेछ। यात्रा गर्न नपाउने अवस्था हामीले विगतमा भोग्यौं। मानिसले मानिससंग दुरी बनाएपछि मात्रै रोगको संक्रमण कम हुने कुराले मानिस मानिसदेखि भाग्नुपर्ने अवस्था पैदा गरिदिएको छ। हामी सबैले देख्दै र भोग्दै आएको कुरा के हो भने कोरोना संक्रमितको संख्या बढ्दै जाँदा लकडाउन गर्नुपर्नेछ। लकडाउन गरेर दैनिक भइरहेका गतिविधिहरु रोक्नुपर्नेछ। यस्तै मानिसलाई घरबाट बाहिर निस्कन नदिनका लागि निषेधाज्ञा गर्नुपर्ने अवस्था आएको छ। जहाँ संक्रमण देखिन्छ। त्यहाँ सिल गर्नुपर्ने अवस्था आउँछ। नेपालमा विगतमा जे देखियो जे भोगियो त्यो अव दोहोराउन हुँदैन भन्ने हो। विगतमा हामीले कोरोनालाई जितेकै अवस्था थियो। भारतबाट आएकाहरुका कारणले गर्दा नेपालमा कोरोना संक्रमण फेरि बढ्ने हो कि भन्ने देखिएको छ। भारतबाट आउनेहरुलाई कडाइका साथ चेकजाँच गर्नुपर्छ।

गत वर्ष भयावह जस्तो देखिएको दाङ जिल्लामा यतिवेला कोरोना संक्रमणका हिसावले कम जोखिमयुक्त देखिएको छ। जिल्लामा सक्रिय संक्रमितको संख्या एक सयको हाराहारीमा मात्रै रहेको छ। यो संख्या भनेको ठूलो होइन। हिजोका दिनमा हामीले जसरी भौतिक दुरी कायम राख्यौं। मास्कको प्रयोगलाई अंगिकार गर्‍यौं। त्यसलाई निरन्तरता दिनुपर्नेछ। कसैले जवरजस्ती यस्तो गर वा उस्तो गर भन्नुपर्ने अवस्था होइन। हामीले विगतमा जे भोग्यौं त्यसका आधारमा सजग हुन सक्छौं। अहिले थप सजग हुनुपर्ने बेलामा व्यक्तिगत दुरी कायम गर्ने कुरामा अत्यन्त लापरबाही देखिएको छ। मास्कको प्रयोग गर्ने कुरामा पनि लापरवाही देखिएको छ। यो समय भनेको सतर्कता अपनाउने हो। जतिबढी सतर्कता अपनाउन सकियो त्यति नै बढी संक्रमणको खतरा कम हुने हुँदा सतर्कता अपनाएर व्यवहार गर्नुको विकल्प छैन। जतिवढी सतर्कता त्यतिवढी सुरक्षा भन्ने मान्यतालाई आत्मसाथ गर्न सक्नु नै कोरोनालाई जित्ने सजिलो तरिका हो। कोरोनालाई जित्नका लागि हामीले विगतमा जे तरिका अपनायौं त्यहि अपनाउदा पनि पुगिहाल्छ। हामी सजग भयौं भने विगतको जस्तो अवस्था नआउने कुरामा आशावादी हुन सकिन्छ।

# अब लकडाउन नहोस्



बेनीबहादुर कार्की

नेपालमा वि.सं. २०७६ चैत ११ गतेदेखि कहाली लाग्दो लामो लकडाउन (बन्दाबन्दी) गरिएको एक वर्षपछि फेरि लकडाउन हुनसक्ने चर्चा चलेको छ अवस्था हेर्दा गत वर्षभैं नभई मृत्यु हुनेको सङ्ख्या फाट्टफुट्ट मात्र देखिएको छ। यो क्रम बीचका केही महिना रोकिएको भए पनि यता आएर केही बढेकोले हामी बेलैमा सचेत हुनु बुद्धिमानी हुनेछ।

दक्षिणर्फको छिमेकी भारतमा दैनिक लाखौं सङ्क्रमित हुने र सयौंको निधन भइरहेकाले यसको असर नेपालमा परिरहेको छ। पहिले पनि यही भएको थियो। नेपाल र भारत भौगोलिक र जनजीविकासँग पनि अति नै निकट रहेका छिमेकी मुलुक हुन्। त्यसैले यस्तो हुनु स्वाभाविक हो। हाल यो असर नेपालको सुदूर पश्चिममा धेरै परेको छ। क्रमशः यसको असर नेपालभर नै नपर्ला भन्न सकिँदैन। यसो भए पनि गत वर्षभैं आत्तिन भने आवश्यक छैन। किनभने गत वर्ष यो रोग सुरु हुँदा हामी नितान्त अनभिज्ञ थियौं। एकदमै डर र चिन्ता भएको थियो। सरकारले पनि अनुभवको अभावमा अनावश्यक समयमा लकडाउन लगाएको र लगाउन आवश्यक भएको समयमा नलगाएको पछि स्वयं सरकारले नै महसुस गरेको थियो। यसरी गत वर्ष सरकार र जनता रणभुल्लमा परेर लामो समय लकडाउनको घनचक्करमा परिएको थियो। जसका कारण राष्ट्रकै आर्थिक अवस्था तहस नहस भयो। अब यस्तो नहोस् भनेर बेलैमा सरकार र नेपाली जनताले होस पुऱ्याउनु जरुरी छ।

केही दिन पहिले मधेसबाट काठमाडौंमा आउँदा बाटोमा चालक यस्तो गुनासो पोखे-नेपालको कमाइले बालबच्चा पाल्न मुस्किल भयो, गत सालमै कतारमा गएर राम्रो कम्पनीको गाडी चलाएर व्यवहार मिलाउने विचार गरेकोमा लामो लकडाउनले गर्दा जान पाइएन। यो वर्ष जाने तारतम्य मिलाएको छु। फेरि लकडाउन हुने चर्चाले चिन्ता लागेको छ। ४५ वर्ष काटेपछि जान मिल्दैन। यदि यो पटक पनि जान पाइनँ भने मैले जीवनभरि दुःख पाउने भएँ ! यो एउटा प्रतिनिधि उदाहरणमात्र हो। नेपालमा यस्तै समस्याले लाखौं नेपाली पीडित छन्। हालै मात्र सरकारले होटल व्यवसायीको न्यूनतम बिजुलीको महसुल छुट दिनुपरेको अवस्था छ। न यहाँ राम्रो रोजगारीको अवसर छ न त व्यवसाय गर्ने अवस्था नै। दैनिक हजारौं नेपाली विदेशिन बाध्य छन् र कतिले यसै क्रममा ज्यानसमेत गुमाएका छन्।

गत वर्ष र यो वर्षको उही कोरोना भए पनि सन्दर्भ भने नितान्त फरक छ। गत वर्ष यो शताब्दीमै पहिलोपटक आएको कोभिड १९ नेपाल र नेपालीका लागि मात्र नभई संसारकै लागि नौलो थियो। के हो, कसो हो, कहाँबाट आयो ? यसबाट कसरी बच्ने, उपचार के हो भन्ने कैयौं प्रश्न संसारभर थियो। फलस्वरूप विश्वभरिका वैज्ञानिक यसको उपचार अनुसन्धानमा अहोरात्र लागेर खोप निकाले। केही देशका वैज्ञानिकले सफलता हात पारे। वैज्ञानिक काटालीन कारीको र डु वीस्मान कोरोना कोभिड १९ भाइरसको खोप अनुसन्धान गरेबापत नोबेल पुरस्कारबाट संयुक्त रुपमा सम्मानित भएका छन्। यसपछि विश्वका करोडौं मानिसले पहिलो चरणको खोप लगाइसकेका छन्। नेपालमा पनि १३ अर्ब ८६ करोड रुपियाँ खर्च भइसकेको छ र अब ३८ अर्बभन्दा धेरै रुपियाँ यसैका लागि छुट्याइएको छ। १० औं लाख जनाले यो खोप

> यो रोगबाट बच्न सरकार र जनताको संयुक्त प्रयास आवश्यक हुन्छ। एक्लै सङ्क्रमण नियन्त्रण सम्भव हुँदैन। गत वर्ष पनि सरकार र जनताको संयुक्त प्रयासबाट यसको नियन्त्रण सम्भव भएको हो।

नेपाल सरकारको तर्फबाट निःशुल्क लगाएका छन्। २०७८ वैशाख ७ देखि ११ गतेसम्म दोस्रो चरणको खोप दिने तयारी भइरहेको छ।

यो खोप लगाउन चीनबाट आठ लाख भायल नेपाल ल्याई सकिएको छ र यसबाट अपुगका लागि नेपाल सरकारले भारतबाट खरिद गरेर ल्याउन यसअघि नै एक अर्ब रुपियाँ अग्रिम भुक्तानी गरिसकेको अवस्था छ।

कोरोनाबाट नागरिकलाई जोगाउन नेपाल सरकार सक्रिय छ। यो रोगबाट बच्न जनता पनि अनुभवी भइसकेका छन्। कसरी हात धुने, कसरी मास्क लगाउने, के खाने, के नखाने, घर बाहिर भिड़भाड़मा नजाने र भौतिक दूरी बनाएर बस्ने मात्र नभई यो रोगबाट बच्न आइसोलेसन र क्वारेन्टाइनमा बस्नुपर्छ भन्नेबारे ज्ञान प्राप्त भएको छ।

यो रोगबाट बच्न सरकार र जनताको संयुक्त प्रयास आवश्यक हुन्छ। एक्लै सङ्क्रमण नियन्त्रण सम्भव हुँदैन। गत वर्ष पनि सरकार र जनताको संयुक्त प्रयासबाट यसको नियन्त्रण सम्भव भएको हो। लकडाउन मात्र कोरोनाको उपचार होइन भन्ने यथार्थ गतवर्ष नै पुष्टि भइसकेको छ। अहिल्यै लकडाउनको चर्चा गर्नु जनतालाई चिन्ता दिनुमात्र हुनेछ। त्यसैले गत वर्षको अनुभवबाट पाठ सिकेर यो वर्ष लकडाउन गर्न हतार नगरौं। रोगथामका सबै प्रयास गरिसक्दा पनि यो रोग नियन्त्रण हुन नसकेमात्र अन्तिममा स्थानीय तहले लकडाउन गर्न बाध्य हुन्छन्। अहिले त्यो बेला आइसकेको छैन।

बन्दाबन्दीका सन्दर्भमा स्वास्थ्य मन्त्रालय र अर्थ मन्त्रीको भनाइमा भिन्नता भएकाले पनि नेपाली जनतामाभ्क भ्रम सिर्जना भएको छ। सरकारकै दुई निकायबाट फरक भनाइ आएकाले लकडाउनको चर्चा, चासो र चिन्ता बढेको छ। यसलाई कामैबाट सरकारले निवारण गर्न जरुरी छ। जहाँ विशेष असर छ त्यहाँ नियन्त्रणको प्रयास गर्नैपर्ने हुन्छ। यसको मतलब नेपालभर गत वर्षभैं लामो समय एकैपटक बन्दाबन्दी जरुरी पर्दैन। कोरोना नियन्त्रण गर्न भारतबाट बाटो र कुबाटोसमेतबाट नेपाल आएका मानिसको निगरानी राख्न सर्वप्रथम जरुरी छ। सिमानामै जाँचपछि कोभिडको लक्षण देखिएकालाई केही दिन पहिले सुर्खेत नाकामा भैं कर्मचारीले उदारता देखाए सीधै घर पठाउन हुँदैन। यसले त सङ्क्रमण बढेर भन् भयावह स्थिति ल्याउँछ। यसो नहोस् भन्नका लागि सरकार र सम्बन्धित व्यक्ति पनि सचेत हुन जरुरी छ।

नेपालमा अहिलेसम्मको अवस्थामा कोभिड १९ बाट आत्तिइहाल्नुपर्ने अवस्था छैन। केवल सरकार र जनताको सचेतना आवश्यक छ। यसका लागि सरकारले गर्दैआएका प्रयास सकारात्मक छन्। सीमा क्षेत्रमा स्वास्थ्य जाँच गर्ने, कोभिडको लक्षण देखिएकालाई आइसोलेसन र क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्ने, ठूला भेला गर्न नदिने र गत वर्षको अनुभवको आधारमा सबैलाई अनिवार्य मास्क लगाउनेसमेतका स्वास्थ्य मापदण्ड पालना गर्ने, गराउने मात्र गरेमा अहिलेको अवस्था सजिलै नियन्त्रण हुनसक्छ। खोपले पनि यसलाई नियन्त्रण गर्न सहयोग गर्छ नै। अहिलेसम्म सरकारले गरेका प्रयास र नेपाली जनताले गत वर्षको अनुभवबाट सिकेको आधारमा हामी अहिले डराउन पर्दैन। भारत र युरोपसमेतका मुलुकमा लकडाउन गरिए पनि हामीले तत्कालै सोही अनुकरण गर्न जरुरी पर्दैन। किनभने अहिलेसम्म विश्वमा करोडौंलाई यसको असर परे पनि नेपालमा अहिलेसम्म निको भएका सङ्क्रमित तीन लाख हाराहारीमा छन् र मृत्यु हुनेको सङ्ख्या मात्र तीन हजार नाघेको छ। आखिर प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको हावापानी र खानपिनको विशेषताबारे गत वर्ष नै भनेजस्तै कोभिड १९ ले नेपालीलाई खासै असर नगर्ने यथार्थ अहिलेसम्मको तथ्यले पुष्टि गरेकै छ।

(गोरखापत्रबाट)

# हिंसामुक्त समाज निर्माणको आधार

सम्झना शर्मा

सामाजिक गतिविधिमा महिलाहरूलाई संलग्न गराउँदा उनीहरूमाथि भइरहेका हिंसाको निदान नभए पनि कम से कम त्यसबारेमा खुलेर आफ्ना साथीहरूलाई बताउन त सक्छन्।

अन्तर्राष्ट्रिय महिला अधिकार दिवस नेपालमा पनि विभिन्न कार्यक्रमका साथ अघिल्लो महिना सम्पन्न भयो। यस दिवसको सेरोफेरोमा महिला हिंसाका घटना, हिंसापीडित महिलाहरूको अवस्था, तिनीहरूको न्यायमा पहुँच, सम्बन्धित निकाय तथा सरोकारवालाहरूले यसप्रति निर्वाह गरेको दायित्वलगायतका विषयले अखबारका पानाहरू भरिए तैपनि शृंखलाबद्ध तवरले महिला हिंसाका डरलाग्दो स्वरूपहरू एकपछि अर्को भइरहेको जगजाहेरै छ।

हिंसापीडितहरूले प्रहरीले जाहेरी दर्ता गर्न इन्कार गरेको भन्दै न्यायका लागि पहल गरिदिन अधिकारमुखी निकायहरूतिर धाउने गरेका छन्। सम्बन्धित निकायहरू गैरजिम्मेवार भइदिँदा प्रमाणहरू नष्ट हुने, विभिन्न स्वार्थ समूहहरूको आस र त्रासबाट ग्रसित हुने र न्यायप्राप्तिको प्रक्रियामा जानै हिचकिचाहट हुने अवस्था आउन सक्छ। तसर्थ हिंसामा परेका व्यक्तिहरूको न्यायका लागि कुनै पनि बहानामा पीडितलाई उपेक्षा गरिनु हुँदैन। पीडितले आफूलाई टोलछिमेक, प्रहरी प्रशासन वा कहीँकतैबाट उपेक्षा गरिएको अनुभूति गऱ्यो भने उसको आत्मबल कमजोर हुने र 'डिप्रेसन' मा गई आत्महत्याको बाटो समाउने जोखिम बढ्छ। त्यसैले हिंसापीडितहरूको कानुनी बाटो समातेर प्रहरी वा प्रशासनको ढोका ढकढक्याउन पुग्दा राज्यको असल अभिभावकत्वको सधैं खाँचो पर्छ। उनीहरूको सुरक्षा र न्याय पाउने वातावरण सिर्जना गर्नु राज्यको प्रथम कर्तव्य हुन आउँछ।

प्रहरी कार्यालयमा दर्ता भई कारबाही प्रक्रियामा रहेका अधिकांश घटनाका प्रकृति अध्ययन गर्दा, पीडितहरूले आफूमाथि भएको अत्याचारले पराकाष्ठा नाघेपछि मात्र अन्तिम विकल्पको रूपमा कानुनी बाटो समात्न बाध्य भएको देखिन्छ। त्यसैले राज्यका अधिकारप्राप्त व्यक्तिले पीडितलाई सम्मानित व्यवहार गरी न्याय प्रक्रियाको पहिलो ढोका अर्थात् उजुरी ग्रहण खोल्नु जरुरी छ। त्यसपछि शीघ्र अनुसन्धान प्रक्रिया अगाडि बढाउन किञ्चित हिचकिचाहट गर्नु हुन्न। नेपाल प्रहरीका कतिपय अनुसन्धान प्रभावकारी छन्। तर, महिला हिंसासम्बन्धीका सबै उजुरीलाई प्रभावकारी बनाउनेतर्फ प्रहरीको बरोबर ध्यान जानु जरुरी छ।

परिवार निर्माणमा महिलाको अहम भूमिका हुन्छ। तर, दुरदराजका र विपन्न परिवारहरूमा अझै गर्भवती र सुत्केरी अवस्थामा उचित स्याहार पाउन महिलाहरूलाई मुस्किल छ। जसका कारण कम वजनका शिशुहरू जन्मने अनि शिशु र आमाकै मृत्यु हुने खतरा बढ्छ। प्रायः गाउँघरका महिलाले कम उमेरमै विवाह गरी धेरै सन्तान जन्माउने हुँदा पाठेघर खस्ने, संक्रमण जोखिम बढ्ने आदि स्वास्थ्य समस्या देखिन्छन्। ग्रामीण भेगका महिलाहरूले आफूले जे-जस्तो दुःख भोग्नुपरे पनि सहनुको विकल्प नभएको ठान्छन्। यदि पुरुषले बच्चा जन्माउनुपर्ने हुन्थ्यो भने, एउटाबाट दुइटा बच्चा विरलै जन्मिने र हरेक पालिकामा विकासका अन्य कामलाई थाती राखेरै भए पनि सुरक्षित प्रसूतिगृहसहितको प्रजनन स्वास्थ्यका अत्यावश्यक पूर्वाधारहरू निर्माण भइसकेका हुन्थे।

महिलालाई योनि मात्र ठान्ने र आफ्नो इच्छा र चाहनालाई नै सर्वोपरि ठान्ने प्रवृत्ति कतिपय पुरुषमा अझै छ। विवाहित महिला पनि आफ्नै श्रीमान्बाट हिंसा भोग्न बाध्य छन्। यदि श्रीमान् वा पुरुष साथीले यौन शोषण गरिरहेका छन् भनेर महिलाले सार्वजनिक गरे, उनीहरूको ज्यानै पनि लिइन सक्छ। यसरी आफ्ना पीडा गुम्स्याएर घरभित्रै नारकीय जीवन बिताउन विवश महिला धेरै छन्। अफिसको काम गरी अबेर घर फर्किनुपर्ने कामकाजी महिलाहरूप्रति समेत पारिवारिक र सामाजिक दृष्टिकोण स्वास्थ्यकर छैन। महिलालाई आफ्नो मुठीको माखो मात्र बनाएर राख्न रुचाउने पितृसत्तात्मक समाजले गर्दा हाम्रा आमा, दिदीबहिनीहरूले जीवनको हरेक क्षणमा कठिनाइ भोग्नुपरेको छ। कतिपय महिला आर्थिक रूपमा सबल भए पनि आफ्नो आम्दानीलाई कहाँ-कसरी खर्च गर्ने भन्ने विषयमा स्वनिर्णय गर्ने अवस्थामा छैनन्। उनीहरूको आम्दानी पनि परिवारका पुरुष सदस्यकै निर्णयमा परिचालन गरिन्छ। कति महिला त प्रजनन हक र प्रजनन स्वास्थ्यबारे समेत अनभिज्ञ छन्। सन्तान कति जन्माउने भन्नेमा पनि महिलाको कुनै निर्णायक भूमिका छैन। गर्भपतन पनि पुरुषहरूले भनेकै समयमा जबर्जस्ती गर्नुपर्छ। यौन सन्तुष्टिका लागि परिवार नियोजनका अस्थायी साधनहरूको प्रयोगसमेत नगरी जबर्जस्ती यौनसम्पर्क गर्ने गरिन्छ।

समाज र संस्कृतिका नाममा छोरी-बुहारीलाई सधैंभरि चुलोचौकामा रमाउने बनाउने सोच र प्रवृत्तिले गर्दा महिलाहरू शारीरिक तथा मानसिक रूपमा हिंसामा परिरहेका छन्। परिवारमा छोराको जन्म हुँदाको हर्षोल्लास र छोरी जन्मिदा निधार खुम्च्याउने र भाग्यलाई दोष दिने प्रवृत्ति अझै कायमै छ। छोरीको आमालाई अनेक अर्थमा होच्याउने, चिढ्याउने र दुःखी बनाउने सामाजिक अभ्यास कायमै रहनुले पनि महिला हिंसालाई बढाएको छ। यसैका कारण पनि आमाहरूको आत्मबल कमजोर हुन्छ। पारिवारिक हिंसाका कारण महिलाहरू डिप्रेसनमा जाने अवस्था सिर्जना गरिनु अत्यन्त निन्दनीय र दुःखद पक्ष हो।

महिला हिंसा अन्त्यका लागि प्रहरी र प्रशासन मात्र सक्रिय भएर पुग्दैन, हरेक व्यक्ति र परिवारलाई मनोसामाजिक परामर्श र सचेतनाको खाँचो छ। रोजगारी सिर्जनासहितका आर्थिक सशक्तीकरणका कार्यक्रम, सामाजिक सांस्कृतिक अभियान, तीनै तहका बजेटमा मनोसामाजिक परामर्शलगायतका काम तदारुकताका साथ सञ्चालनमा ल्याउनु पनि अत्यन्त जरुरी छ। महिला हक र अधिकारका सवालहरूमा समुदायस्तरमा महिला तथा आमा

बाँकी तेस्रो पेजमा

# नेवा समितिका पदाधिकारीलाई स्वागत

●राप्ती पोष्ट समाचारदाता

घोराही, २९ चैत । नेवा देय् दबु जिल्ला समिति दाङले एक कार्यक्रमको आयोजना गरी नेवा सेवा समिति पालिकाका समितिहरुलाई स्वागत बधाई तथा धन्यवाद ज्ञापन गरेको छ ।

नेवा देय् दबु जिल्ला समितिले घोराहीमा बधाई, शुभकामना तथा प्रशिक्षण कार्यक्रमको आयोजना गरी नेवा सेवा समिति घोराही, नेवा सेवा समिति तुलसीपुर, नेवा सेवा समिति लमही र राप्ती नेवा समिति भालुवाङका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई बधाई तथा शुभकामना ज्ञापन गरेको हो ।

नेवा देय् दबु जिल्ला समितिका अध्यक्ष नारायणप्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेवा देय् दबुका केन्द्रीय उपाध्यक्ष चन्द्रलाल राजभण्डारी, नेवा देय दबुका लुम्बिनी प्रदेश सहसंयोजक बिजुला जोशी, राप्ती नेवा समितिका सचिव हर्षमान श्रेष्ठ, लमही नेवा समितिका अध्यक्ष दिलकुमार श्रेष्ठ, घोराही नेवा समितिका अध्यक्ष सुदर्शन श्रेष्ठ, तुलसीपुर नेवा समितिका अध्यक्ष पुष्कार श्रेष्ठ, नेवा मिसा दबुका जिल्ला अध्यक्ष अनिता राजभण्डारी, नेवा मिसा दबु घोराहीका अध्यक्ष भवानी राजभण्डारी लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बोल्ने बक्ताहरुले नेवार जातिको कला सस्कृति र संस्कारको विकास र संरक्षणको लागि एकतावद्ध भएर अघि बढ्नुपर्ने बताएका थिए । उक्त कार्यक्रममा नेवारी संस्कृति, सस्कार र कलाका सम्वन्धमा नेवा देय् दबुका केन्द्रीय उपाध्यक्ष राजभण्डारीले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा नेवा मिसा दबु तुलसीपुर, घोराही, लमही र भालुवाङका पदाधिकारीलाई समेत स्वागत तथा सम्मान गरिएको थियो । नेवा देय् दबु जिल्ला समितिका उपाध्यक्ष नरेश राज भण्डारीको स्वागत मन्तव्यवाट शुरुभएको कार्यक्रमको सञ्चालन सचिव पर्शुनारायण श्रेष्ठले गर्नुभएको थियो ।

# जाल्पा सामुदायिक लघुवित्तको दोस्रो साधारण सभा

●राप्ती पोष्ट समाचारदाता

दाङ, ३० चैत । जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको दोस्रो साधारण सभा कास्कीको पोखरामा सम्पन्न भएको छ । दाङको महिला सामुदायिक लघुवित्त वित्तीय संस्था लिमीटेड र कास्कीको जाल्पा लघुवित्त वित्तीय संस्था लिमीटेडबीच मर्जरपछि बनेको जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमीटेडको दोस्रो साधारण सभा आईतवार सम्पन्न भएको हो ।

जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.का सञ्चालक समितिका अध्यक्ष अर्जुन श्रेष्ठको अध्यक्षतामा भएको साधारण सभामा अध्यक्ष श्रेष्ठले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष श्रेष्ठले वित्तिय संस्थाले प्रदेश नम्बर ३, ४, ५, ६ र ७ मा कार्यक्र क्षेत्र बनाई ७४ वटा शाखामार्फत सेवा प्रदान गरिरहेको जानकारी दिनुभयो । उहाँले ८४ हजार सदस्यहरुबाट २ अर्ब ६ करोड बचत संकलन गरि ३ अर्ब ८४ करोड समुदायमा लगानी गर्न सफल रहेको उहाँले बताउनुभयो ।

साधारण सभाले अर्जुन कुमार श्रेष्ठ, विरबहादुर अधिकारी, गीताकुमारी योगी गिरी र सुष्मा गौतम सदस्य रहेको सञ्चालक समिति चयन गरेको छ । साथै पाँच लाख २२ हजार कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि निस्कासन गर्ने निर्णय गरेको छ । वित्तीय संस्थाले आर्थिक वर्ष २०८१/२०८२ को अन्त्यसम्म राष्ट्रिय स्तरको वित्तीय संस्था भई नेपालका ६० जिल्लामा एक सय ५५ वटा शाखा कार्यालयहरु स्थापना गरी एक लाख ९५ हजार जना सदस्य आवद्ध गराउने लक्ष्य लिएको छ ।

संस्थाका प्रमुख कार्यकारी अधिकृत विमला योगीको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजिकरण नायव प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव अशोक कुमार आर्चायले गर्नुभएको थियो ।

## सुर्केडाँगीमा ....

सुर्केडाँगी गाउँका करिब दुई सय घरधुरीलाई घरघरमै पानीको धारा पुर्‍याउने योजनाका साथ काम सुरुभएको हो ।

नागरिकहरुको घरघरमा सुरक्षित पानी पुर्‍याउने योजनाका साथ काम सुरुभएको र आउने आर्थिक बर्षमा काम सकिने नगर प्रमुख चौधरीले बताएका छन । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ मार्फत उक्त आयोजना सञ्चालनमा आएको हो ।

७५ लाख नौ हजार दुई सय ७८ रुपैयाँमा तिरुपाते ओम नमः जेभी घोराहीले निर्माणको जिम्मा लिएको डिभिजन प्रमुख गुणनिधी पोखेलले जानकारी दिएका छन। डेढ लाख लिटर पानी अट्ने ट्यांकी बन्ने छ।

## दिर्घकालिन ....

सरसफाईको क्षेत्रमा, बजार व्यवस्थापनको क्षेत्रमा धेरै काम भएको बताउनुभयो ।

सोही कार्यक्रममा तुलसीपुर उपहानगपालिका र घोराही उपमहानगरपालिका संग भगेनी सम्झौतामा हस्ताक्षर भएको थियो । कार्यक्रममा बोल्नेहरुले जनताका अपेक्षा र आशालाई ध्यानमा राख्दै विकास निर्माणका काममा लाग्न जनप्रतिनिधिहरुलाई सुझाव दिएका थिए । तुलसीपुर उपमहानगरपालिकाका उप्रमुख माया आचार्यको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सञ्चालन तुलसीपुर उपमहानगरपालिकाका प्रवक्ता सुर्य बहादुर डाँगीले गर्नुभएको थियो ।

## युवाको .....

रोजिएको उहाँको भनाई छ । "कालिज चिसो ठाउँमा हुने जात हो, यसको लागि यो क्षेत्र उपयुक्त छ, उहाँले भन्नुभयो । अहिले आफुहरु संग करिव सात सय कालिज रहेको जानकारी गराउनुभयो । "हामीले भाले कालिजहरु बेचेका हौँ, अहिले पोथी र केही भाले कालिज गरी सात सय जति मात्र छन्, मनुले भन्नुभयो । पोथी कालिजले हाल अण्डा पारिरहेको र ह्याचिङ मेसिनले ह्याच गरी चल्ला उत्पादन गर्न उहाँले बताउनुभयो ।

कालिज पालन सुरु गरिएको करिव पाँच देखि ६ महिनामा बेच्न लायकको हुने गर्दछ । यो एक देखि डेढ किलो सम्मका ठुला हुने उहाँले बताउनुभयो । उहाँका अनुसार सोखिन मानिसहरुले कालिजको मासु खाने गरेका छन् । अन्य मासुको तुलनामा महंगो हुने भएकाले सोखिन मानिसहरुको रोजाइमा कालिज परेको हो । पहिले चल्ला खरिदमा महंगो भएकाले ३५ सय रुपैंया किलोमा बिक्रि गरेको भएपनि अव आफै चल्ला उत्पादन गर्ने भएकाले केही सस्तो बनाइने योजना भएको सुनाउनुभयो । यहाँका तीन जनालाई रोजगारी समेत दिएको मनुले बताउनुभयो । कालिज जिल्लाको लागि नयाँ भएकाले व्यावसाय राम्रो भएको बताउनुभयो ।

## हिंसामुक्त ....

समूहहरू सक्रिय छन् । सामाजिक अभियानहरूमा ती समूहहरूको भूमिका तुलनात्मक रूपमा राम्रो भए पनि सामाजमा निम्छरो अवस्थामा रहेका महिलालाई भने यसले समेट्न सकेको छैन । यस्ता महिलालाई समेटेर उनीहरूका समस्या समाधानमा पनि आमा समूहहरू क्रियाशील हुनुपर्छ ।

आगामी दिनमा समाजका अगुवा, आमा समूह तथा दिदीबहिनी समूहहरूले आफ्ना क्रियाकलापहरूमा हरेक तह र तप्काका महिलाको सहभागिता सुनिश्चित गर्नका लागि रणनीति तयार गर्ने र सहभागिताका विभिन्न आयामबारे सोचविचार गर्नु जरुरी देखिन्छ । आमा समूहले बचत गर्ने बानी बसाल्न महिलासँग निश्चत रकम पनि उठाउने गर्छ । त्यसरी बचत गरिएको रकम पनि आखिरमा घरकै पुरुष सदस्यहरूले प्रयोग गर्ने हुन् । सामाजिक गतिविधिमा महिलालाई संलग्न गराउँदा उनीहरूमाथि भइरहेका हिंसाको निदान नभए पनि कम से कम त्यसबारेमा खुलेर आफ्ना साथीहरूलाई बताउन त सक्छन् ।

छिमेकी भएका नाताले आफ्ना टोलका महिलाको जीवन, दैनिकी र समग्र अवस्थाबारे बुझ्नुपर्छ । यदि कोही अप्ठ्यारो अवस्थामा छन् भने त्यसबारे एकअर्कालाई बताउनुपर्छ । आवश्यक परे सहयोग पनि गर्नुपर्छ । महिला सहयोगी समाजको निर्माण गर्नु जरुरी छ । घरेलु हिंसामा परेका दिदीबहिनीहरूले खुलेर आफूलाई परेको मर्काको बारेमा सामाजका अगुवाहरूलाई भन्न सक्ने वा त्यसबारे समाचार बन्ने क्रम बढे पनि उनीहरूको गोपनीयता सुनिश्चित गर्न सकिएको छैन । एकपटक समाचार आउँछ वा यसबारे एकपटक अरूलाई भन्ने हो तर सधैं बस्ने त त्यही परिवार र समाजमा हो । अनि भनेकै आधारमा वा समाचार आएकैले उनीहरूमाथि थप हिंसा हुने सम्भावना हुन्छ । यस्तो संवेदनशील विषयमा सञ्चारकर्मीले पनि ध्यान दिनु आवश्यक छ । कहिलेकाहीँ परिवारले वा समाजले महिलाको कुरा बेलैमा सुन्दा थप हिंसा हुनबाट जोगाउन सकिन्छ । कतिपय अवस्थामा समयमै प्रहरीले उजुरी लिए हिंसा हुनबाट महिलालाई जोगाउन सकिन्थ्यो । समाज, परिवार र प्रहरीको सक्रियताले नै महिला हिंसालाई कम गर्न सहयोग गर्छ ।

*(कान्तिपुरबाट)*

# ढकिया बुनाई तालिम समापन

●राप्ती पोष्ट समाचारदाता




दाङ, ३० चैत । मुक्त कमलरीहरुका लागि आयोजना गरिएको १५ दिने ढकिया बुनाई तालिम समापन गरिएको छ । मुक्त कमलरी विकास मञ्च दाङले आयोजना गरेको तालिमको सोमबार एक समारोहका बीच समापन गरिएको हो ।

मञ्चकी अध्यक्ष शान्ति चौधरीको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा घोराही उपमहानगरपालिकाकी उपप्रमुख सीता सिग्देल न्यौपाने, घोराही १७ का वडा अध्यक्ष खुशीराम चौधरी र घरेलु तथा साना उद्योग कार्यालयका निमित्त प्रमुख उमबहादुर वलीले बोल्नुभएको थियो ।

सो अवसरमा न्यौपानेले आफुले सिकेको सीपलाई व्यवहारमा उतार्न र दैनिक जीवन सहज बनाउन सक्ने गरी उद्यमशील बनेर देखाउन आग्रह गर्नुभयो । मुक्त कमलरीहरुको सीप, क्षमता बढाउँदै आत्मनिर्भरको बाटोमा अग्रसर गराउन र आर्थिक सबलीकरण गर्न हातमा सीप सबैभन्दा महत्वपूर्ण पक्ष भएकाले स्थानीय सरकार लक्षित वर्गको उत्थानमा केन्द्रित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'सिकेको सीपलाई अब आम्दानीको श्रोतका रुपमा विकास गरेर समाजको उदाहरणीय व्यक्ति बन्नुहोस्, थप सहयोगका लागि हामी तयारी छौँ ।'

कार्यक्रममा वडा नम्बर १७ का वडा अध्यक्ष खुशीराम चौधरीले मुक्तकमलरीका लागि वडा कार्यालयबाट गर्नु पर्ने सहयोग विगतदेखि हुँदै आएको स्मरण गराउँदै आगामी दिनमा गर्नु पर्ने साथ सहयोगका लागि भुमिका खेल्ने वचन दिनुभयो ।

यसैगरी, घरेलु तथा साना उद्योग कार्यालयका निमित्त प्रमुख उमबहादुर वलीले कार्यालयका तर्फबाट सीपको प्रवर्द्धनका लागि गर्नु पर्ने सहयोगमा आफु तयार रहेको बताउनुभयो । हातमा सीप भए जस्तो सुकै परिस्थितीमा पनि मानिस बाँच्न सक्ने हुँदा मुक्त कमलरीको सशक्तीकरणका लागि आगामी आर्थिक वर्षमा थप कार्यक्रम ल्याउने विश्वास दिलाउनुभएको छ ।

ढकिया बुनाई तालिममा १२ जना मुक्त कमलरीको सहभागीता रहेको थियो । तालिमको प्रशिक्षकमा उर्मिला चौधरी रहनुभएको थियो । उहाँले १५ दिनमा पन्छोप्नी, ढकिया, टोपी, डेल्वा, पेनहोल्डर, पूजादनी, किस्ती, गुडियालगायत सिकाउनुभएको छ । सिक्नका लागि अझै समय अपर्याप्त भएको भन्दै थप कार्यक्रमका लागि उहाँले माग गर्नुभएको छ । तालिममा उपमहानगरका विभिन्न वडामा रहेका मुक्त कमलरीहरु सहभागी भएका हुन् । उनीहरुले विगतमा १० वर्षसम्म कमलरी बसेर नारकीय जीवन गुजारेको अनुभव सुनाएका थिए । मञ्चकी कोषाध्यक्ष विष्णु चौधरीको स्वागत मन्तव्यबाट शुरु भएको समापन कार्यक्रमको सञ्चालन कार्यक्रम व्यवस्थापक माधव चौधरीले गर्नुभएको थियो ।

# बढे कोरोना संक्रमित

●राप्ती पोष्ट समाचारदाता

काठमाडौं, भारतमा कोरोना संक्रमितको संख्या बढेसंगै नेपालमा पनि कोरोना संक्रमितको संख्या थपिन थालेको छ । दैनिक रुपमा कोरोना संक्रमितको संख्या उकालो लागिरहेको छ ।

पछिल्लो २४ घण्टामा नेपालमा पाँच सय ५९ जनामा कोरोना पुष्टि भएको छ । चार सय ९६ जना पिसिआर र ६३ जना एन्टीजेन परीक्षणमा गरी पाँच सय ५९ जनामा कोरोना पुष्टि भएको हो । यो सँगै कुल संक्रमितको संख्या दुई लाख ८० हजार पाँच सय २४ जना पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । जसमध्ये तीन हजार तीन सय छ जना आइसोलेसनमा छन् ।

गत २४ घण्टामा पाँच हजार एक सय पाँचजनाको पिसिआर परीक्षण भएको छ । यो सँगै नेपालमा पिसिआर परीक्षण हुनेको संख्या २३ लाख १७ हजार दुई सय ८४ पुगेको छ । गत २४ घण्टामा १३ जना कोरोना संक्रमितको मृत्यु भएको छ । यो सँगै नेपालमा कोरोना संक्रमित मृतकको संख्या ३ हजार ५३ पुगेको छ । हाल ८५ जना क्वारेन्टाइनमा छन् ।

गत २४ घण्टामा १ सय ३८ जना उपचारपछि डिस्चार्ज भएका छन् । यो सँगै नेपालमा निको हुनेको संख्या २ लाख ७४ हजार १ सय ६५ जना पुगेको मन्त्रालयले जनाएको छ । कुल संक्रमितमध्ये २ सय ११ जना मात्र काठमाडौं उपत्यकामा भेटिएका छन् । काठमाडौंमा १ सय ५९, ललितपुरमा ४४ र भक्तपुरमा ८ जना संक्रमित भेटिएको मन्त्रालयले जनाएको छ ।

### मृतकको संख्यामा पनि बृद्धि

नेपालमा कोरोना संक्रमितको संख्यामा भएको बृद्धिसंगै मृतकको संख्या बढ्दै गएको छ । गत २४ घण्टामा १३ जना कोरोना संक्रमितको मृत्यु भएको छ । यो सँगै कोरोना संक्रमित मृतकको संख्या ३ हजार ५३ जना पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यसअघि आइतबार एक जना कोरोना संक्रमितको मृत्यु भएको थियो ।

## गौतम ....

याद छ, उहाँको त्यो कर्मले हामीलाई केही न केही गर्नुपर्छ भन्ने लागेर अक्षयकोष स्थापना गर्ने निर्णयमा पुगेका हौँ', उहाँले भन्नुभयो ।

केन्द्रमा स्थापना गरिएको अक्षयकोषबाट आएको ब्याजबाट त्यहाँ बस्दै आएको अशक्त, असहाय, अपांग भएकाहरुको गुजारा चलाउन सहयोग पुग्नेछ ।

सामाजिक काम गरेर बुवाआमाले देखाएको बाटोमा आफुलाई समाहित गरेको भन्दै केन्द्रका अध्यक्ष अधिकारीले गौतम परिवारलाई धन्यवाद दिनुभयो । सबैको साथ सहयोग र सत्कर्मले सबैको भलो हुने भन्दै असल काममा सबैले आफ्नो क्षमता अनुसार अग्रसर हुनु पर्ने बताउनुभयो । केन्द्रका निवर्तमान अध्यक्ष श्रीमन न्यौपानेको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण सचिव भुमा चौधरीले गर्नुभएको थियो ।

**छोरा छोरी दुवै बराबरी भेदभाव नगरौ कसैगरी**


## हार्दिक शुभकामना

नेपालीहरुको नयाँ बर्ष २०७८ सालको पावन अवसरमा हामी हाम्रा सम्पूर्ण ग्राहकबर्ग शुभेच्छुक, सहकर्मी, राजनीतिकर्मी, संचारकर्मी, समाजसेवी, बुद्धिजीवी, पेशाकर्मी, उद्योगी, ब्यबसायी, पत्रकार तथा स्वदेश तथा बिदेशमा र हनु भएका आम नेपाली दाजुभाइ, दिदिबहिनीहरुको सुख शान्ति र संम्बृद्धिका साथै उत्तरोतर प्रगतिको कामना गर्दछौं ।

नोट हामी कहाँ क्यालेन्डर, किताब लगायतका अन्य छपाइका संम्पुर्ण कार्य गरिन्छ । ०८२-५४०६३९ ,९८४७८२६७६९

प्रो.बालगोबिन्द चौधरी

**तथा कुसिमिया अफ्सेट प्रेश**

**लमही ५ कान्छिरोड**

## हार्दिक शुभकामना

नबबर्ष ०७८ सालको उपलक्ष्यमा हामी हाम्रा संम्पुर्ण सदस्यहरु, कर्मचारी, राजनीतिकदल, समाजसेवी, बुद्धिजीवी, पेशाकर्मी, उद्योगी, ब्यबसायी, पत्रकार तथा स्वदेश तथा बिदेशमा रहनु भएका आम नेपाली दाजुभाइ, दिदिबहिनीहरुको सुख शान्ति र संम्बृद्धिका साथै उत्तरोतर प्रगतिको कामना गर्दछौं ।

तुल्सिराम न्यौपाने, ब्यबस्थापक | अनुप कुमार थापा, अध्यक्ष

**तथा श्री ग्रामीण बचत तथा ऋण सहकारी सस्था परिवर लमही ५ दे. दाङ**


## राजविद्या पाठशालाको छात्रवृत्ति आवेदनसम्बन्धी सूचना

राजविद्या पाठशालाद्वारा शैक्षिक वर्ष २०७८ मा जेहेनदार तथा प्रभावशाली विद्यार्थीका लागि कक्षा पाँचमा छात्रवृत्ति सुविधा(समग्र विद्यालयीय गतिविधिमा) राखिएकाले इच्छुक बालबालिका तथा अभिभावकलाई विद्यालय समितिले तोकेका निम्नलिखित मापदण्ड पूरा गरी आवेदन दिनुहुन अनुरोध गर्दछौं ।

**मापदण्डहरू**

१. वर्ष २०७५ मा कक्षा तीनमा सम्बन्धित विद्यालयले लिएको समग्र परीक्षामा कम्तीमा ८५ प्रतिशत अङ्क प्राप्त गरेको सक्कल प्रमाणपत्र,
२. वर्ष २०७६ मा कुनै पनि शैक्षिक संस्थामा कक्षा ४ मा अध्ययन गरिरहेको कुनै एक प्रमाण,
३. विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि,
४. आवेदन दिने दिनसम्ममा १२ वर्ष उमेर ननाघेको ।

**आवेदनसम्बन्धी जानकारी**

१.मिति २०७७ चैत्र ३० गते बिहान १० बजेदेखि मिति २०७८ वैशाख ३ गते बेलुका ४ बजेसम्म आवश्यक मापदण्ड पूरा गरी हस्तलिखित निवेदन र २ प्रति पासपोर्ट साइजको फोटोसहित विद्यालयमा सम्पर्क गर्नुपर्नेछ ,
२. निवेदक छात्र वा छात्रा दुवै हुन सक्नेछ ,
३. निवेदन दस्तुर रु १००० ।( लाग्नेछ ।

**प्रवेश परीक्षासम्बन्धी जानकारी**

१.प्रवेश परीक्षा मिति २०७८ वैशाख ४ गते शनिवारका दिन बिहान ८ बजे होटल माला इनमा हुनेछ ।
२.प्रश्नपत्रहरू राजविद्या पाठशालाको प्रश्नपत्र निर्माण तथा परीक्षा सञ्चालन समितिले निर्धारण गर्नेछ,
३.प्रश्नपत्रहरू नेपाली,अङ्ग्रेजी,विज्ञान र गणित विषयबाट २५/२५ पूर्णाङ्क गरी जम्मा १०० पूर्णाङ्कमा आधारित हुनेछ ।

**छनोटसम्बन्धी व्यवस्था**

१. प्रवेश परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउनेलाई छात्रवृत्ति प्रदान गरिनेछ तर सर्वोत्कृष्ट नतिजा ल्याउने परीक्षार्थीले कम्तीमा पनि ८५ अङ्क प्राप्त गरेको हुनुपर्नेछ ।
२. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको हकमा यो व्यवस्था विद्यालयमा अध्ययन गर्दासम्म मान्य हुनेछ ।

**बिस्तृत जानकारीको लागि विद्यालयमा सम्पर्क गर्नुहोला ।**

**राजविद्या पाठशाला, घोराही १८, नवलपुर दाङ**

**सम्पर्क नं. ०८२-५९००००**


## हामीलाई सम्झनुहोस् !

तपाई बलियो भौतिक संरचना निर्माणको तयारीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस । हामीकहाँ अत्याधुनिक मेसिनबाट धोएको सफा बालुवा, विभिन्न साइजका गिट्टीहरू उपलब्ध छ । हामी तपाईको निर्माणस्थलसम्म सेवा दिन तयार छौं ।

**समृद्धि माइनिङ एण्ड कन्सट्रक्सन प्रा.लि.**

मुख्य कार्यालय घोराही, दाङ

सम्पर्क नं. : ०८२-५६३८८३, ९८०१३४८६३०, ९८०१३४८६३१, ९८०१३४८६३३

पुल बाटो, सिचाई, भवन, तथा विभिन्न निर्माण कार्यका लागि हामीलाई सम्झनुस्।

**पुरु एण्ड पूर्ण निर्माण सेवा**

प्रो. पूर्णबहादुर भण्डारी तथा घटालबाबा परिवारतुलसीपुर दाङ, फो नं. ०८२-५२०२५४



## हार्दिक शुभकामना

नेपालीहरुको नयाँ बर्ष २०७८ सालको पावन अवसरमा हामी हाम्रा सम्पूर्ण ग्राहकबर्ग शुभेच्छुक, सहकर्मी, राजनीतिकर्मी, संचारकर्मी, समाजसेवी, बुद्धिजीवी, पेशाकर्मी, उद्योगी, ब्यबसायी, पत्रकार तथा स्वदेश तथा बिदेशमा रहनु भएका आम नेपाली दाजुभाइ, दिदिबहिनीहरुको सुख शान्ति र संम्बृद्धिका साथै उत्तरोतर प्रगतिको कामना गर्दछौं।

*नोट:हामी कहाँ बोइलर कुखुरा होलसेल तथा फुटकरका बिक्रीवितरण गरिन्छ। सेवा गर्ने मौका दिनुहोस। मो. 9847973003,9809564354*

*प्रो.प्रकाश पोखरेल*

**तथा पोखरेल पोल्टि फर्म लमही १ को वडा कार्यालय देखि दुई सय मिटर दक्षिण तर्फ**



## हार्दिक शुभकामना

नेपालीहरुको नयाँ बर्ष २०७८ सालको पावन अवसर मा हामी हाम्रा सम्पूर्ण नगरवासी, शुभेच्छुक, सहयोगी, सामाजिक संघ संस्था, राजनीतिकर्मी, सम्पूर्ण जनप्रतिनिधिहरु, संचारकर्मी, समाजसेवी, बुद्धिजीवी, पेशाकर्मी, उद्योगी, ब्यबसायी तथा स्वदेश तथा बिदेशमा रहनु भएका आम नेपाली दाजुभाइ, दिदिबहिनीहरुको सुख शान्ति र संम्बृद्धिका साथै उत्तरोतर प्रगतिको कामना गर्दछौं।

| | | |
|---|---|---|
| *कुल बहादुर केसी* | *देवका बेल्बासे* | *गेहेन्द्र बहादुर बागी* |
| *(प्रमुख)* | *(उपप्रमुख)* | *(प्रमुख प्रशासकीय अधिकृत)* |

**एबम लमही नगर कार्यपालिकाको कार्यालय**
**लमही लुम्बिनी प्रदेश दाङ**



## हार्दिक शुभकामना

नव बर्ष २०७८ सालको सुखद उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण शुभेच्छुक, राजनीतिक दल, जनप्रतिनिधि, निर्माण व्यवसायी संघसंस्था, संचारकर्मी, उद्योगी, व्यापारी, व्यवसायी, कर्मचारी, लगायत सम्पूर्ण दाजुभाइ दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।




**चक्र जिएम (साइट म्यानेजर)**

**इन्द्र निर्माण कम्पनी प्रा.लि. परिवार**



## हार्दिक शुभकामना



**नव बर्ष २०७८ सालको सुखद उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक महानुभावहरु, शुभेच्छुक, राजनीतिक दल, संघसंस्था, संचारकर्मी, उद्योगी, व्यापारी, व्यवसायी, कर्मचारी, लगायत सम्पूर्ण दाजुभाइ दिदीबहिनीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

प्रो. शंकरनाथ योगी

**ॐ नम शिवाय क्रसर उद्योग परिवार**

गढवा गाउँपालिका -१, दाङ

हामीकहाँ अत्याधुनिक मेसिनबाट उत्पादित गिट्टी, बालुवा, रोडा, कुटेको तथा धोएको सुपथ मूल्यमा पाइन्छ ।